# पाटन नगरपालिका

# राजपत्र

बैतडी जिल्ला, सुदूरपश्चिम प्रदेश, नेपाल

पाटन नगरकार्यपालिकाद्धारा प्रकाशित

भाग २ बर्ष ५ अंक ४  २०७८ श्रावण ०४ गते, सोमबार

## हानिकार प्रचलन अन्त्यका लागी नीति
## २०७८

नगर कार्यपालिकाबाट मिति २०७८।०४।०४ मा स्वीकृत भएको **पाटन नगरपालिकाको हानिकार प्रचलन अन्त्यका लागी नीति , २०७८** स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।



Scanned with CamScanner

पाटन नगरपालिका

स्थानीय राजपत्र

खण्ड : संख्या : मिति : २०७८/०३/११

भाग :

पाटन नगपालिका

# हानीकार प्रचलन अन्त्यका लागि नीति, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति :२०७८/०४/..४

राजपत्रमा प्रकाशित मिति : २०७८/०३ / ......

Scanned with CamScanner

विषय सूची

१. परिचय । पृष्ठभुमी :

२. अर्न्तराष्ट्रिय प्रतिवद्धता

३. राष्ट्रिय कानुनी व्यवस्था तथा नीतिहरु

४. वर्तमान स्थिति

५. नीति तर्जुमाको औचित्य

६. दूरदृष्टि

७. ध्येय

८. लक्ष्य

९. उद्देश्यहरु

१०. नीतिहरु

११. रणनीतीहरु

१२. कार्यनीतिहरु

१३. हानिकार प्रचलन अन्त्यका नीतिको कार्यान्वयन तथा अनुगमन

१४. अनुगमन प्रतिवेदन

१५. जिम्मेवारी तोक्ने वा शाखा स्थापना गर्ने

१६. कार्यदलको गठन

१७. सुपरीवेक्षण तथा अनुगमन समिति

१८. सामुदायिक संस्थाहरु को गठन (समुदाय तथा टोल स्तरमा)

१९. साझेदारी र सहयोगि निकायको भुमिका

२०. नीतिको पुनरावलोकल तथा सुधार

२१. खारेजी तथा वचाउ

Scanned with CamScanner

**१. परीचय । पृष्ठभुमी :**

हाम्रो समाज विगत लामो समय देखि दिन प्रति दिन विकसित , परीस्कृत एवं सयमको गती संगै परीवर्तन हुदै गइरहेको छ। समाजमा विविध सामाजिक, सास्कृतिक मूल्य मान्यता रहदै आएका छन्। समाजमा भेगिय, क्षेत्रीय, स्तरमा विविध मूल्य मान्यता, फरक फरक रहनसहन रहेको पाईन्छ। समाजमा विभिन्न जातजाती, वर्ग, सम्प्रदाय र सास्कृतिक पहिचान रहिआएको भेटीन्छ। नेपालको संविधान, २०७२ देशको मूल कानुन हो। जसले समाजलाई नेतृत्व दिदै देशको शासन व्यवस्था, सामाजिक, सास्कृतिक पक्षको विचलनको व्यवस्थापन, गर्ने दिशा निर्देश गर्ने मूल कानुन को रुपमा समाज रुपान्तर गर्ने, कानुनी राज्यको महशुसिकरण, गर्न गराउन अहम भुमिका रहेको छ।

नेपालको संविधान, २०७२ को भाग ३ मा मौलिक हक एवं नागरीको कर्तव्य को व्यवस्था गरीएको छ। जसको धारा १६ मा सम्मान पूर्वक बाँच्न पाउने हक, धारा १७ मा स्वतन्त्राको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २७ सुचनाको हक, धारा २९ मा शोषण विरुद्धको हक, धारा ३८ मा महिलाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा नागरीकको हक, धारा ४२ मा सामाजिक न्यायको हक को व्यस्था गरेको छ। यस बाट के स्पष्ट हुन्छकी नागरीकले सम्मान पूर्वक बाचन पाउने अधिकार को प्रयात्त व्यवस्था र भेदभाव रहित एवं न्यायपूर्ण र समता मूलक समाज र राष्ट्रको साकार स्वरुपको कल्पना गरेको छ।

त्यसै गरी नेपाल राज्य ले अवलम्वन गरेका नीतिहरुको व्यवस्था धारा ५१ मा गरेको छ। धारा ५१ को (ञ) मा सामाजिक न्याय र समावेशिकरणको नीति अवलम्वन गरेकोछ।

नेपालको संविधान ले भाग ३ मा मौलिक हक र कर्तव्य अर्न्तगत धारा १६ देखि धारा ४८ सम्म का मौलिक हक हरुको व्यवस्था संविधानमा गर्नुको पछाडी समाजमा विद्यमान हानिकार प्रचलन को आधिक्यता हाम्रो समाजमा रहेको स्पष्ट संकेत गर्दछ। त्यस कारण समाजमा विद्यमान यी प्रचलन मा न्युनिकरण गर्दै एउटा आर्दश समाज निमार्ण गर्न एवं विद्यमान विकृतिका विरुद्ध नीति, रणनीति र कार्यदिशा तयार गर्न एवं सुधारको मार्गचित्र का लागि नीतिको आवश्यकता रहेको देखिन्छ। जसले संविधानले परीकल्पना गरेको समतामूलक समाज निमार्णका लागि सहज बनाउने छ।

वर्तमान संविधान अनुसार तहगत शासन व्यवस्था संघिय, प्रदेश र स्थानिय तह मा सरकारको व्यवस्था गरेको छ। साथै स्थानिय तह देशको मूल कानुन को परीधि भित्र रहि नीति र रणनीतिहरु बनाई स्थानिय तहमा आफ्नो आवश्यकता अनुसार नीति निमार्ण गरी सोको कार्यान्वयन गर्न पूर्ण स्वतन्त्र रहेको छ।

नेपालमा विगत तीन दशक देखि क्रमिक रुपमा नीतिगत परीवर्तन र नीतिगत सुधारहरु भएका छन्। महिला, वालबालिका र पछाडीपरेका वर्गको विकासमा नेपाल सरकार दातृ निकाय र समाजका अन्य निकायहरुले उल्लेख्य कार्य सम्पन्न भएता पनि उल्लेख्य सुधारको अझै आवश्यकता देखिन्छ। अझै पनि यी वर्गहरुको मानव विकास सुचकाकं र राजनैतिक, आर्थिक पहुँच र शिक्षा एवं रोजगारका क्षेत्रमा अवस्थामा सुधार आउन सकेको छैन्। संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ले लैगिक समानता र सामाजिक समाबेशिकरण का लागि सबै मन्त्रालय, स्थानीय तहमा एकै किसिमको नीति हुनुपर्ने आवश्यकता महसुस गरेको छ। स्थानीय निकायको नेतृत्वमा अन्य गैर सरकारी, निजि क्षेत्र, नागरीक समाज र अन्य साझेदार निकायहरुले समन्वयात्मक रुपमा नीति कार्यान्वयन मा साझेदारी गर्नेछन्। जसले कार्यक्रममा दोहरोपन नआई प्रभावकारी रुपमा कार्यक्रम संञ्चालन गर्न सहज हुनेछ।

तसर्थ, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा व्यवस्था भए अनुसार को अधिकार को प्रयोग गरी यस नीति को निमार्ण गर्ने निर्णय गरी समाजमा विद्यमान हानिकार प्रचलन ( बालविवाह, वहुविवाह, सामाजिक भेदभाव, छुवाछुत, छाउवार्ने प्रचलनहरु, अपागंता र अन्य परम्पराग कुरीतीहरु लाई संवोधन गर्न पहल अगाडी बढाउन सहज हुनेछ। समाजमा विद्यमान यी हानिकारक प्रचलनहरुले समाजमा विकृतिहरु को जन्म गराएकोछ भने सामाजिक जटीलताहरुले गर्दा सामाजिक असहिष्णुता, आपसि वैमन्स्यता मा वृद्धि हुदाँ सामाजिक न्यायमा समेत अपठेरो रहेने गरेको छ।

Scanned with CamScanner

## २. अन्तराष्ट्यि प्रतिबद्धताहरु :

विश्वव्यापी स्तरमा समाजमा विद्यमान हानिकार प्रचलहरु रहेका छन् । जसले समाजलाई विकासको मार्गमा अगाडी बढन तगारोको काम गरी रहेको छ ।

- समाजमा विद्यमान हानिकार प्रचलहरु सहस्राब्दी विकास लक्ष्य (MDGs) को प्राप्तिका लागि एक बाधकको रुपमा पहिचान गरी दिगो विकासका लक्ष्यहरूको कार्यसूची (SDGs) (२०१६–२०३०) मा समेत हानिकार प्रचलन अन्त्य गर्ने विषयलाई प्राथमिकताका साथ समावेश गरिएको छ ।
- महिलामाथि हुने सवै प्रकारका विभेदहरूको अन्त्य गर्ने महासन्धि १९७९, CEDAW ( Convention on the Elimination of ALL Forms of Discrimination Against Women)
- नागरिक तथा राजनैतिक अधिकारका लागि अन्तर्राष्ट्रिय आलेख, १९६६
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय आलेख, १९६६,
- यातना विरुद्धको महासन्धि, १९८४
- जनसंख्या र विकास सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको कार्ययोजना, १९९४ (Program of Action adopted at the International Conference on Population and Development, 1994);
- चौथो विश्व महिला सम्मेलनवाट पारित वेइजिङ्ग घोषणा र सम्वद्ध कार्ययोजना (Beijing Deceleration and Platform for Action)
- सन् २०१३ मा बाल विवाह, कम उमेरमा हुन विवाह तथा जवरजस्ती हुने विवाह सम्वन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको संकल्प प्रस्ताव (Human Rights Council Resolution on Child, Early and Forced Marriage) लाइ नेपाल सरकारले सह-प्रायोजन गरी बाल विवाह विरुद्ध प्रतिवद्धता जाहेर गरेको थियो । त्यसै गरी सन् २०१४ को जुलाई २२ मा बेलायतमा भएको बाल विवाह , कम उमेरमा गरिने विवाह र जबरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपाल सरकारले सन् २०२० सम्ममा नेपालबाट बाल विवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिबद्धता जाहेर गरेको छ ।
- बाल विवाह विरुद्धको प्रयास सार्कसंग आवद्ध रहेको “बालबालिका उपर हुने हिंसा विरुद्धको दक्षिण एशियाली पहल” (SAIEVAC) को एक रणनीतिक कार्यक्षेत्र पनि हो । यसले सार्क मुलुकहरुमा “बाल विवाह अन्त्यका लागि क्षेत्रीय कार्य योजना (२०१५–२०१८)” -Regional Action Plan to End Child Marriage in South Asia-(2015-2018) तयार गरी राष्ट्रिय संयन्त्र -National Mechanism_ मार्फत बाल विवाह विरुद्धमा आफना प्रयासहरु केन्द्रित गरेको छ ।
- यसका साथै उक्त रणनीतिलाई परिपालना गर्दै नेपाल सरकारको नेतृत्वमा नोभेम्वर ७, २०१४ मा “बाल विवाह अन्त्य गर्न कानुनको प्रयोग गरी जबाफदेहिता वृद्धि” विषयक सार्कस्तरीय गोष्ठी आयोजना गरी “दक्षिण एशियाबाट वाल विवाह अन्त्य गर्नको लागि काठमाडौं आव्हान” Kathmandu Call for Action to End Child Marriage in South Asia) पनि पारित गरिएको छ ।
- CRC बाल अधिकार महासन्धि (Child Rights Reservations)
- भुण हत्या र एसिड आक्रमण सम्बन्धि कानुनी व्यवस्था (Legal Provision on Abortion and Acid act)

## ३. राष्ट्यि कानुनी व्यवस्था तथा नीतिहरु

- नेपाल को संविधान , २०७२ भाग ३ मा गरीएको मौलिक हक र कर्तव्य मा रहेका घाराहरुले विद्यमान हानीकारक प्रचलन हरु लाई न्युनीकरण गर्न मार्गचित्र प्रस्सत गरेको छ। साथै हानीकार प्रचलन लाई न्युनीकरण गर्न तपशिलका प्रयासहरु गरीएका छन् ।

Scanned with CamScanner

- मूलुकी ऐन आचार संहिता ,२०७४
- बाल विवाह विरुद्धको रणनीति, २०७२
- अपागंता भएका व्यक्तिहरुको अधिकार संबन्धि ऐन, २०७५
- घरेलु हिंसा र कसुर सजाय ऐन, २०६६
- छाउपडि प्रथा उनमूलन निर्देशिका, २०६४
- बोक्सीको आरोप सम्बन्धि कसुर तथा सजायका सम्वन्धमा व्यवस्थ ागर्न बनेको ऐन, २०७२

## ४. वर्तमान स्थिति :

हाम्रो समाजमा हानिकार प्रचलनहरु प्रचलनमा रहेकोले नेपालको संविधान २०७२ को मौलिक हक को धाराहरु मा उक्त प्रचलन लाई अन्त्य गर्न संवैधानिक व्यवस्था गरीएको छ । त्यसैका आधारमा ती हानीकार प्रचलन लाई न्युनीकरण गर्न विभिन्न ऐन नियम र निर्देशिका को निमार्ण गरीएको छ। नेपाल सरकार ले ती प्रचलनको अन्त्य गर्न बेलाबेलामा अर्न्तराष्ट्रिय प्रतिबद्धता हरु मा सरकारका पक्ष बाट हस्ताक्षर गरी सहमती समेत जनाएको छ ।

पाटन नगरपालिका भित्र विद्यमान हानिकारक प्रचलन मा बालविवाह, छाउपडी, छुवाछुत अपागंता, र सामाजिक कुरुतीहरु जस्ता प्रचलन ले सामाजिक विचलनका समस्या देखीएको छ ।

बाल विवाह विश्वका विभिन्न देशमा नै सामाजिक समस्याका रुपमा रहेकोछ । हाम्रो देश नेपालमा पनि बाल विवाहको समस्या विद्यमान रहेको छ । बैतडी जिल्ला ६ वटा बढी बालविवाह हुने जिल्लामा पर्दछ । बैतडी जिल्ला तथ्याङ्क को हिसाबले विश्लेषण गर्ने हो भने ५९.५ प्रतिशत बाल विवाह रहेको छ भने जस्मा १२.५ प्रतिशत १२ वर्ष मूनी वाल विवाह हुने गरेको तथ्याङ्क ल देखाउँछ । साथै स्वास्थ्य संस्थामा पहिलो पटक गर्भ जाचगर्ने आमाहरुमा २० वर्ष मूनी का ४५ जना र २० वर्ष माथीका ५७० जना आमाहरु रहेको पाटन नगरपालिका स्वास्थ्य शाखा को मिति २०७७ श्रावण देखि ०७८ असार सम्म को तथ्याङ्क ले खेखाउंछ । उक्त तथ्याकं ले लगभग ७.५ प्रतिशत आमाहरु २० वर्ष मूनीका रहेको संकेत बाट बालविवाह जस्तो हानिकारक प्रचलन बाट पाटन नगरपालिका भित्र पनि रहेको स्पष्ट हन्छ ।

हाम्रो समाजमा महिनावारी लाई समेत हानिकारक प्रचलनका रुपमा लिन सकिन्छ । महिनावारीको वेला अलग्गै बस्ने र दुध, दहि आदि पदार्थ समेत भोजमा बन्देज रहनु बाट महिलाहरुमा सामाजिक एक्लोपन र सामाजिक समस्या रहेको प्रष्ट हुन्छ ।

वर्तमान समेत सामाजिक, धार्मिक कार्य गर्दा जाती हिसाबमा भेदभाव रहने गरेको घटनाहरु समाजमा देखिनुले छुवाछुत समाजमा रहेको कुरा स्पष्ट हुन्छ । नगरपालिका न्यायिक समितिमा परेका मुदाहरुको प्रकृति एवं प्रहरीमा पर्ने गरेको उजुरीले समेत समाजमा छुवाछुत विद्यमान रहेको देखिन्छ ।

नगरपालिका क्षेत्रमा र्वतमान मा समेत अपागंता भएकाहरु लाई हेर्ने दृष्टिकोण मा परीवर्तन नभएका कारण अपागं मैत्री संरचना निमार्ण हुन नसक्नु र नगरपालिको नीतिमा समेत सम्वोधन नभएको पक्षतिर ईगित गर्दछ ।

## ५. नीति तर्जुमाको औचित्य

समाजमा रहेका वर्तमान हानिकारक प्रचलन को अन्त्यका लागि नगर सरकारले गतीविधि संञ्चालनमा सहजता प्रदान गर्न र संञ्चालित कार्यक्रम लाई व्यवस्थीत गर्नका लागि नीतिको आवश्यकता परेकाले यस नीतिको निमार्ण गर्नुपर्ने औचित्य पुष्टी गर्दछ ।

Scanned with CamScanner

६. **दूरदृष्टि**

हानिकार प्रचलन रहित भेदभाव मुक्त  समता मूलक समाजको निर्माण गर्ने ।

७. **ध्यये**

हानिकारक प्रचलन मुक्त समाजको निर्माण गरी समाजमा मानवअधिकार को सुनिश्चितता गर्ने ।

८. **लक्ष्य**

भेदभाव रहित समता मूलक समाजको विकास को माध्यम बाट हानिकारक प्रचलन रहीत समाज निमार्ण गरी सामाजिक, आर्थिक, सास्कृति अवस्थामा सुधार गर्ने ।

९. **उद्देश्यहरु**

- हानिकार प्रचलनको अन्त्यका लागि कानुन निमार्ण गर्ने र वर्तमान अवस्था अनुसार ती कानुनहरुमा संशोधन एवं परिमार्जन गर्ने ।
- नगरपालिको आवधिक योजना, बार्षिक योजना तथा कार्यक्रहरुमा हानीकारक प्रचलन विरुद्धका कार्यक्रमहरु प्राथमिताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
- हानिकारक प्रचलन का विरुद्ध सरकारी, गैर सरकारी, निजि क्षेत्र र नागरीक समाज को सहभागिता सुनिश्चित गर्ने ।
- हानिकारक प्रचलनहरु लाई प्रोत्साहित गर्ने प्रचलीत सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि नागरीक समाज, वालवालिका, किशोर- किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्वद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचलन अन्त्यका लागि संञ्चालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ..
- नेपाल सरकारले प्रतिबद्धता गरेको दिगो विकास लक्ष्य प्राप्त गर्ने ।
- नेपाल सरकार तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा समाजमा विद्यमान हानिकार प्रचलन अन्त्य का लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

१०. **नीतिहरु**

यस हानिकारक प्रचलन अन्त्यको नीतिहरु  देहाए बमोजिम रहेकाछन् ।

१. हानिकार प्रचलन अन्त्यका लागि नगरपालिको नीति, कानुन, मापदण्डहरुको पुनरावलोक, संशोधन एवं परीमार्जन गर्ने ।
२. नगरपालिको आवधिक, बार्षिक योजनाहरुमा अल्पकालीन एवं दिर्घकालीन कार्यक्रमहरु समावेश गर्ने ।
३. नगरपालिका को सेवा प्रवाह गर्ने सयन्त्र हानिकार प्रचलन न्युनीकरण हुनेगरी कार्यक्रम तय गरी सुधार गर्ने ।
४. नगरपालिका समुदायमा विद्यमान हानिकारक प्रचलन र त्यसबाट सिर्जित सामाजिक एवं सास्कृतिक समस्याहरुलाई कमगर्न विषेश कार्यक्रहरु संञ्चालन गर्ने ।

Scanned with CamScanner

५. हानिकार प्रचलन न्युनीकरणका लागि संस्थागत र व्यक्तिगत क्षमता विकास का क्षेत्र पहिचान गरी कार्यक्रम निमार्ण एवं कार्यान्वयन गर्ने ।

## ११. रणनीतीहरु

समाजमा विद्यमान हानिकारक प्रचलनहरु (वालविवाह, बहुविवाह, बोक्सी, छाउपडी, अपागंता, विद्यमान कुरीती एवं कुसंस्कार, भ्रुण परीक्षण गरी छोरा नभए भ्रुण हत्या गर्ने चलन) लाई न्युनीकरण गरी समता मूलक एवं न्यायपूर्ण समाजको निर्माण गर्न एवं समता र सामाजिक समावेशीकरण लागि अन्य कार्य भन्दा अलग्गै राखेर सुधारको प्रयास गर्न सम्भव छैन् । यसको लागि विकेन्द्रिकृत शासन प्रणाली, संस्थागत संयन्त्रको आवश्यकता र प्रभावकारी सेवा प्रवाह को आवश्यकता पर्दछ । यस नीतिमा नगरपालिको कार्यक्रम, समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेका क्षेत्र र कार्य प्रणाली लाई अझ बढी प्रभावकारी बनाउन आवश्यक व्यवस्था गरीएको छ ।

यस हानिकारक प्रचलन विरुद्धको नीति का रणनीतिहरु देहाए बमोजिम रहेकाछन् ।

१. नगरपालिका को सेवा प्रवाह गर्ने सयन्त्र हानिकार प्रचलन न्युनीकरण हुनेगरी कार्यक्रम तय गरी सुधार गर्ने ।
२. नगरपालिका संग सम्बन्धित विभिन्न नीतिहरुको परीमार्जन गर्ने दृष्टिकोणले पुनरावलोकन गर्ने र यसको विकासमा जोड दिने ।
३. नगरपालिका को वडा, क्षेत्र, समुदायमा विद्यमान हानिकारक प्रचलन र त्यसवाट सिर्जित सामाजिक एवं सास्कृतिक समस्याहरुलाई कमगर्न सामुदायिक सचेतना र सशक्तिकरण कार्यक्रम समुदायमा, समुदायका अगुवा अभियन्ताको सक्रियतामा संञ्चालन गर्ने ।
४. नगरपालिकाले विद्यमान हानिकारक प्रचलका विरुद्ध सन्देश वनाई विभिन्न स्थानमा होडिगं वोर्ड राख्ने र स्थानिय सामाजिक संञ्जालहरुको परीचालन का लागि कार्यक्रम बनाउने र लागु गर्ने ।
५. सरोकार वाला पक्षको संस्थागत एवं व्यक्तिगत क्षमता विकास गर्ने कार्यक्रको निमार्ण एवं कार्यान्वयन गर्ने ।
६. हानिकार प्रचलन अन्त्यका लागि संघिय सरकार, प्रदेश सरकार, अन्य साझेदार निकाय को आवश्यक समन्य एवं सहकार्य गर्ने ।

## १२. कार्यनीति :

- नगरपालिको बार्षिक, आवधिक योजना तर्जुमा गर्दा हानिकार प्रचलन अन्त्यका लागि कार्यक्रम र बजेटको अनिवार्य व्यवस्था गरिनेछ ।
- नगरपालिका स्तरमा योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याकंनमा पछाडी परेका वा हानिकार प्रचलन विद्यमान रहेका समुदाय को आवश्यकता पहिचान गरी सो को निदानका लागि कार्य गर्ने ।
- नगरपालिका मा सम्पर्क विन्दुमा रहेको सामाजिक विकास शाखा, विषयगत कार्यालय, अन्य साझेदार निकाय, संस्थाहरु संग समन्वय गरी हानीकारक प्रचलन अन्तयका लागि कार्य गर्ने ।
- हानिकार प्रचलन विद्यमान रहेका समुदायहरुको सशक्तिकरण गरि नगरपालिका क्षेत्रमा उनीहरुको सहभागिता र क्रियाशिलता लाई वढाईनेछ ।
- नगरपालिका क्षेत्रमा विद्यमान रहेका हानिकार प्रचलनमा परेका समुदायहरुलाई आधारभुत सेवा प्रदान गर्न विशेष सयन्त्र निर्माण गरीनेछ ।
- सामाजिक कार्यक्रम एवंम योजना तर्जुमा र कार्यान्वयन गर्दा हानीकार प्रचलन विद्यमान रहेका समुदायमा कार्य गर्ने प्रतिनिधि संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरीनेछ ।
- सामाजिक परिचालनका माध्यम बाट हानिकार प्रचलन विद्यमान रहेका समुदायहरुको क्षमता विकास गर्ने कार्य अगाडी वढाईने छ ।

Scanned with CamScanner

- हानिकार प्रचलन अन्त्यका लागि नगरपालिका, वडा स्तरमा समिति निर्माण गरी समस्याको संबोधन गरीनेछ ।
- लक्षित वर्ग लाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।
- बालविवाह अन्त्य गर्ने नगरपालिकाले विशेष कार्यक्रम निमार्ण गर्ने एवं कार्यन्वयन गर्ने ।
- नगरपालिका क्षेत्रमा छुवाछुत अन्त्यका लागि विशेष कार्यक्रम बनाई लागु गर्ने ।
- वर्तमान मा उपलब्ध भएका कानुनको बारेमा अनुशिक्षण कार्यक्रहरु संञ्चालन गर्ने ।
- सामाजिक सहभागिता, सक्रियता का लागि युवा, किसोरी संञ्जाल, एवं स्थानिय सामुदायिक संस्था को सहभागितामा वृद्धि गर्ने ।
- सामाजिक उत्तरदायि कार्यक्रमको संञ्चालन गर्ने जस्तै समाजमा विद्यमान हानिकारक प्रचनल का घटना समेटी सार्वजनिक सुनवाईका कार्यक्र संञ्चालन गर्ने ।
- नगरपालिका क्षेत्रमा विद्यमान हानिकार प्रचलन अन्त्यका लागि व्यवहार परीर्वतन गर्न कार्यक्रम निमार्ण गर्ने र संञ्चालन गर्ने ।
- स्थानिय स्तरमा रहेका एफएम रेडियोहरु र अन्य सामाजिक संञ्जालको बढी भन्दा बढी परीचालन एवं सहकार्य गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचनल अन्त्य गर्ने व्यक्ति एवं सस्थाहरु लाई सम्मानित गर्ने कार्य गर्ने ।
- समाजमा विद्यमान हानिकार प्रचलन अन्त्य गर्न समुदाय, टोल, वडा र नगरपालिका मा विद्यमान हानिकार प्रचलन मुक्त समुदाय, टोल वडा र नगरपालिका घोषणा का लागि कार्यक्रम बनाई लागु गर्ने ।

## १३. हानिकार प्रचलन अन्त्यका नीतिको कार्यान्वियन तथा अनुगमन

१२.१ हानिकार प्रचलन अन्त्य नीतिको कार्यान्वयन

यस नीतिको कार्यान्वयका लागि संस्थागत संरचना एवं साझेदारी एवं समन्वयको आवश्यकता रहनेछ ।

१२.१.१ संस्थागत संरचना :

- नगरपालिका र वडा स्तरमा समिति गठन को व्यवस्था गरीने र कार्यान्वयका लागि नगरपालिकाको विषयगत शाखा (सामाजिक विकास शाखा) लाई सम्पर्क विन्दुको रुपमा जिम्मेवार बनाएने छ ।
- सो शाखा मार्फत योजना तर्जुमा एवं कार्यान्वयन गरीने ।
- हानिकार प्रचलन विद्यमान रहेका समुदायहरुमा समुह मार्फत कार्यक्रम कार्यान्वय को व्यवस्था गरीनेछ ।

१२.१.२ साझेदारी एवं समन्वय

- हानिकार प्रचलन अन्त्यका लागि कार्यक्रम कार्यान्वयन गर्न नगरपालिका, गैर सरकारी संस्था, निजि क्षेत्र, नागरीक समाज एवं समुदायको अर्थ पूर्ण सहभागिता एवं साझेदारी सुनिश्चित गरीनेछ ।

## १४ अनुगमन प्रतिवेदन :

हानिकारक प्रचलन (वाल विवाह, वहुविवाह, छाउपडि, बोक्सी, छुवाछुत, सामाजिक कुरुतीहरु) अन्त्यका लागि नगरपालिका स्तरमा संञ्चालित कार्यक्रमको प्रतिवेदन तयार गरीनेछ ।

- हानिकार प्रचलन विद्यमान रहेका समुदाय, वर्ग र क्षेत्रको खण्डिकृत तथ्याकं संकलन गर्ने ।
- समाजमा विद्यमान  वालविवाह अन्त्यका लागि नगरपालिका ले संञ्चालन गरेका कार्यक्रमको अनुगमन गरी प्रतिवेदन तयार गर्ने । सोको आधारमा खाडल पत्ता लगाई नगरपालिका लाई थप पृष्ठपोषण प्रदान गर्ने ।

Scanned with CamScanner

- नगर क्षेत्रमा रहेका अन्य विद्यमान हानिकार प्रचनल र तीनीहरुलाई नगरपालिका को कार्यक्रम ले संबोधन गर्न सके नसकेको समेत अनुगन गरी प्रतिवेदन नगरपालिका मा पेश गर्ने ।

**१५. जिम्मेवारी तोक्ने वा शाखा स्थापना गर्ने :**

हानिकार प्रचलन अन्त्य का लागि योजना तर्जुमा गर्न, कार्यक्रम निमार्ण गर्न नगर कार्यपालिका को शाखा लाई थप जिम्मेवारी तोकी प्राथमिकतामा राख्ने ।

**१६. कार्यदलको गठन :**

नगरपालिकाको एकिकृत योजना तर्जुमा समितिले तयार गरेको प्रतिवेदन को विश्लेषण गरी कार्यगर्न कार्यदलको गठन गर्ने व्यवस्था गर्नेछ ।

- नगरपालिका र वडामा संस्थागत रुपमा नै समिति गठन गर्ने ।
- विद्यमान हानिकारक प्रचलनहरुको खण्डिकृत तथ्याकं तयार गर्ने र अवस्थाको विश्लेषण गर्ने ।
- सो तथ्याकं आगमी योजना तर्जुमा लागि आधार सुचनाको रुपमा प्रयोग गर्ने ।

**१७. सुपरीवेक्षण तथा अनुगमन समिति**

- नगरपालिकाले संञ्चालीत योजना को अनुगमन गर्न स्थानीय सरकार संञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार सुपरीवेक्षण अनुगमन समिति गठन गर्ने छ ।
- यस समितिको संरचना वडा मा समेत रहने व्यवस्था गरीनेछ ।
- सुपरीवेक्षण समितिले योजनाहरुको सुपरीवेक्षण र अनुगमन गर्ने एवं संयुक्त अनुगमन मा सहयोग गर्ने, विवाद सम्फौतामा सहयोग गर्ने, र सोको प्रतिवेदन तयार पार्न समेत सहयोग गर्ने ।

**१८. सामुदायिक संस्थाहरु को गठन (समुदाय तथा टोल स्तरमा)**

- समुदायको खण्डीकृत सुचना राख्ने र सोको आधारमा प्रतिवेदन गर्ने ।
- कार्यक्रम संञ्चालन पश्चात आएको परिवर्तको लेखाजोखा गर्ने ।
- कार्यक्रममा आएको अवरोधको अनुगमन गर्ने एवं पहुँचमा बृद्धि गर्न सहयोग गर्ने ।

**१९. साभ्फेदार र सहयोगि निकायको भुमिका :**

- नगरपालिका लाई **अनुगमन** को ढाँचा तयार गर्न सहयोग गर्ने ।
- नगरपालिका एवं संघिय सरकार र प्रदेश सरकार को नेतृत्वमा संञ्चालित योजनाहरुको अनुगमन गरी सार्वजनिक सूनवाई गर्ने ।
- नगरपालिका र वडा स्तरमा कार्यक्रमको प्रगती प्रतिवेदन तयार गर्ने सो को सामाजिक परीक्षण सपन्न गर्ने ।
- नगरपालिका को समुदाय स्तर सम्म पहुँचमा वृद्धि गर्न नगरपालिका को आवधिक, बार्षिक योजना लाई टेवा पुग्ने खालका योजनाहरुमा साभ्फेदारी, समन्वयमा बृद्धि गर्ने ।
- यसरी साभ्फेदारी र सम्न्वयमा संञ्चालीत कार्यक्रमको आवधिक अनुगमन, मूल्याकंन मा सहयोगिको भुमिका निर्वाह गर्ने ।

Scanned with CamScanner

२०. **नीतिको पुनरावलोकल तथा सुधार :**

- यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मूल्याकंन गरी पाँच। पाँच वर्षमा नीतिमा पुनरावलोकन तथा परिमार्जन तथा सुधार गरीनेछ।

२१. **खारेजी र बचाउ**

- यस नीतिका उल्लेखित कुराहरु प्रचलित कानुन संग वाझिएमा वाझिएको हद सम्म सम्वन्धित कानुन बमोजिम नै हुने छ।

Scanned with CamScanner